प.सं. २०७९।०८० मितिः-२०८०।०३।३१

## सूचना।

**विषयः आ.व. २०७९/०८० को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना।**

उपरोक्त सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा ऐन, २०४९ को दफा ५४ एवं निजामती सेवा नियमावली २०५० को नियम ११८ को उपनियम (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० (साठी) दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत र निस्सा सहितको आध्यावधिक विवरण पेश गर्नुपर्ने व्यवस्था भएको हुदाँ यस गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयहरुमा सार्वजनिक पद धारण गरेका व्यक्ति, जनप्रतिनिधि तथा कर्मचारीहरुले आ.व. २०७९/०८० को सम्पत्ति विवरण तोकिए बमोजिमको फाराममा विवरण भरी खामवन्दी गरि खामको वाहिरी भागमा तपसिलको विवरण खुलाई मिति २०८०।०४।३२ गते भित्र यस कार्यालयको सूचना प्रविधि शाखामा बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**कर्मचारीले खामको वाहिर लेख्ने**

आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण
कर्मचारी संकेत नं.:-
नामथरः-
पद/दर्जाः-
सेवाको किसिमः-(स्थायी/करार)
कार्यरत कार्यालय,ठेगानाः-
मोवाईल नं.:-
ईमेल ठेगानाः-

**जनप्रतिनिधिले खामको वाहिर लेख्ने**

आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण
नामथरः-
पद/दर्जाः-
वडा नं.:-
मोवाईल नं.:-
ईमेल ठेगानाः-

.....................
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत